अजिरकोट गाउँपालिका
Ajirkot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
भच्चेक, गोरखा
Bhachchek, Gorkha
गण्डकी प्रदेश, नेपाल
(Gandaki Province)


प.सं.(Ref. No.) : २०८०/०८१
च.नं.(Disp. No. ): ७५०

मिति :२०८०।०९।०१

श्री सबै विद्यालय,
अजिरकोट गाउँपालिका,
गोरखा ।

विषय :- कार्यान्वयन गर्ने बारे ।

प्रस्तुत विषयमा श्री शिक्षा तथा मानव श्रोतकेन्द्रबाट पछिल्लो पटक गोरखापत्रमा प्रकाशित **IEMIS मा प्रविष्ट विवरण सत्यापन गर्ने सम्बन्धी सूचना** यसै साथ संलग्न छ । व्यहोरा संलग्न सूचनाबाटै अवगत गरी आवश्यक कार्यान्वयन गर्न गराउन हुन अनुरोध छ ।

2080/08/09

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

# IEMIS मा प्रविष्ट विवरण सत्यापन गर्ने सम्बन्धी स्थानीय तहहरूलाई अनुरोध ।

यस केन्द्रबाट विभिन्न मितिमा शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्क अद्यावधिक गर्न सूचित गरिए अनुसार विद्यालयहरूबाट अद्यावधिक गरिएका विवरणहरूमा विद्यार्थी सङ्ख्यामा दोहोरोपना रहेको, प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम (कक्षा) मा भर्ना भएका बालबालिकाको उमेर अस्वाभाविक देखिएको, अद्यावधिक गर्नुपर्ने सबै विवरण अद्यावधिक नगरेको लगायतका विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कका सम्बन्धमा सामाजिक सञ्जालहरूमा आएका विषयप्रति यस केन्द्रको ध्यानाकर्षण भएको छ।

यस सन्दर्भमा, विद्यालयबाट अद्यावधिक गरिएका विवरणहरू सम्बन्धी स्थानीय तहगत प्रतिवेदन र School Report Card IEMIS बाट प्राप्त गरी उक्त प्रतिवेदनहरू अवलोकन गर्नु गराउनुहुनका साथै यसरी अवलोकन गर्दा प्रणालीमा सबै विवरण अद्यावधिक नगर्ने र अस्वाभाविक विवरण प्रविष्ट गर्ने विद्यालयहरू देखिएमा त्यस्ता विद्यालयहरूलाई पुनः विवरण अद्यावधिक गर्न लगाउनुहुन अनुरोध छ। विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुने र यसमा भरिएका कुनै विवरण झुट्टा प्रमाणित भएमा प्रचलित कानुन बमोजिम कारबाही हुने विषय प्रधानाध्यापकलाई जानकारी गराई यस्तो भएको पाइएमा प्रचलित कानुन अनुसार कारबाही गर्नु गराउनुहुन अनुरोध छ।

सबै शिक्षा विकास तथा समन्वय एकाइहरूले यस सूचनालाई आधार मानी विद्यालयबाट अद्यावधिक गरिएका विवरणको सत्यापन कार्यमा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गर्नुहुन समेत अनुरोध छ।

**पुनश्च**: यस विषयको कार्यान्वयनमा कुनै समस्या भएमा यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा सम्पर्क गर्नुहुन अनुरोध छ।